# प्रदेश सरकार
## प्रदेश नं ५
## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## बुटवल, नेपाल

प्रदेश नं. ५ बुटवल, नेपाल

सचिव बैठक न : १७
मिति : २०७५।९।१

**उपस्थिति**

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव, | प्रदेश नं ५ |
| डा. केशव प्रसाद आचार्य, | सचिव, | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री धनन्जय पौडेल, | सचिव, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री सनत कुमार दवाडी | सचिव | प्रदेश प्रमुखको कार्यालय |
| श्री यामनारायण देवकोटा, | सचिव, | भूमिव्यवस्था कृर्षि तथा सहकारी मन्त्रालय |
| श्री जनार्दन पौडेल, | उपसचिव, | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री सहदेव भण्डारी | उपसचिव, | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री थानेश्वर ज्ञवाली, | उपसचिव, | सामाजिक विकास मन्त्रालय |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय, | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

१. **संगठन तथा जनशक्ति व्यवस्थापन :**

क. कार्यालय खारेज भई फाजिलमा रही साविकको स्थानमा कार्यरत कर्मचारीको संख्या र हाल ती कर्मचारी हाजिर भईरहेका कार्यालयहरुको विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

ख. स्थापना भइसकेका निर्देशनालय, डिभिजन तथा कार्यालयहरुमध्ये केहीमा अझै पनि बजेट खर्च गर्ने अख्तियारी पठाउन वाँकी भएको वुझिएकाले आवश्यक प्रक्रिया पूरा गरी यथासीघ्र पठाउने। साथै, देहायबमोजिमको ढाँचामा विवरण तयार गरी ३ दिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

| क्र.सं | कार्यक्रम/ आयोजना | ब्रजेट | | अख्तियारी दिइएको रकम | अख्तियारी दिन वाँकी रकम | अख्तियारी दिन नसकिएको कारण |
|---|---|---|---|---|---|---|
| | | सशर्त | अन्य | | | |
| | | | | | | |

ग. सशर्त अनुदान प्राप्त भएको तर कार्यालय हस्तान्तरण भई नआएको अवस्था भए सोको विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने । मुख्यमन्त्री तथा

मन्त्रिपरिषद्‌को कार्यालयले सोसम्बन्धी एकिकृत विवरण तयार गरी नेपाल सरकार समक्ष पठाउने।

२. <u>बार्षिक कार्यक्रम कार्यान्वयन सम्वन्धमा</u> ।

२०७५ मंशिरको पहिलो हप्तामा चालु वर्षको प्रथम चौमासिक अवधिमा भए गरेका कार्यक्रमहरुको प्रगति समिक्षा वैठकका क्रममा माननीय मुख्यमन्त्रीज्यूले दिनुभएका निर्देशनहरुको कार्यान्वयन प्रगति सम्वन्धमा छलफल गरी देहायबमोजिम निर्णय गरियो ।

क. पूर्वाधार निर्माणको निमित्त एक मन्त्रालयबाट अर्को मन्त्रालयमा अख्तियारी पठाउनुपर्ने बिपय सम्वन्धी अद्यावधिक स्थिति उपर छलफल भयो । यस सम्वन्धमा भौतिक पूर्वाधार विकास मन्त्रालयसँग आवश्यक छलफल गरी यथासीघ्र कार्यक्रम सञ्चालनका लागि सहज हुनेगरी अख्तियारी पठाउने ।

ख. कुनै कार्यक्रम सञ्चालनका लागि जग्गा प्राप्ति तथा हस्तान्तरणको प्रक्रिया पूरा गर्नुपर्ने भएमा सम्वन्धित निकायबाट स्वीकृती, सहमति तथा सिफारिसको प्रक्रिया यथासीघ्र अगाडि बढाउने ।

ग. मन्त्रालयअन्तर्गतका कुनै आयोजनाको नाम वा स्थान परिवर्तन गर्नका लागि अनुरोध भइ आएमा प्रदेश सरकारअन्तर्गतका सम्वन्धित निकायलाई अध्ययन गर्न लगाई त्यहाँबाट सिफारिस लिई सान्दर्भिक देखिएमात्र परिवर्तनको लागि प्रस्ताव गर्ने ।

घ. सबै मन्त्रालयहरुले सशर्तमा प्राप्त कार्यक्रम तथा बजेटलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने ।

ङ. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले देहायबमोजिमका कार्यहरुलाई प्राथमिकतामा राखी शीघ्र कार्यान्वयन गर्ने :

१. नेपालको संविधान तथा कार्यविस्तृतीकरण प्रतिवेदनअनुरुप प्रदेशमा हस्तान्तरण भइआउन बाँकी रहेका औद्योगिक क्षेत्रहरुको विवरण अद्यावधिक गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा पठाउने । सोबारेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयले नेपाल सरकारलाई अनुरोध गर्ने ।

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले राजमार्ग छेउमा सार्वजनिक वनको जग्गा अतिक्रमण गरिरहेका बस्ती हटाउन सार्वजनिक सूचना जारी गर्ने र यसका लागि वन डिभिजनहरुलाई कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिने । सोको जानकारी सम्वन्धित स्थानीय तहहरुलाई समेत दिने।

३. बार्षिक कार्यक्रमअनुरुप पर्यटनसम्वन्धी कार्यक्रम संचालन गर्न वन डिभिजनका प्रमुखहरुलाई अख्तियारी गएको भए पनि त्यस्तो कार्यक्रम संचालन गर्न उनीहरु अनुभवी वा तालिम प्राप्त नभएकाले आवश्यक परेमा संघीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

मन्त्रालयका कर्मचारीलाई आमन्त्रण गरी समेत झिकाई १५ दिन भित्र अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।

४. पर्यटक वस संचालन गर्ने सम्वन्धमा आवश्यक छलफल गरी अविलम्व कार्यान्वयन पद्धति (मोडालिटी) तय गर्ने ।

५. बोटानिकल गार्डेन र पर्यटन डवलीको निर्माण र बजार अनुगमनलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने ।

च. सामाजिक विकास मन्त्रालयले देहायका कार्यहरुलाई प्राथमिकतामा दिने :

१. स्वयंसेवक नियुक्ती कार्यलाई शीघ्रताका साथ अगाडि बढाउने ।

२. विद्यालय कक्षाकोठा निर्माणका लागि संघीय मापदण्डलाई आधारमानी अविलम्व मापदण्ड तय गर्ने ।

छ. आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्राकृतिक प्रकोपबाट भएको क्षति अनुरुप अनुदान तथा राहत वितरण, आइ.टि. पार्क निर्माण, टेलिसेण्टर स्थापना कार्यको प्रक्रिया अगाडि बढाउने ।

ज. भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत अधिकांश कार्यक्रमहरुको अख्तियारी गईसकेकाले अन्तर्गतका डिभिजनहरुको अनुगमन तथा सुपरिवेक्षण गरी कार्यक्रम कार्यान्वयनमा कुनै अवरोध आएको भए त्यस्तो अवरोध हटाउने व्यवस्था गर्ने।

झ. सबै मन्त्रालयहरुले कार्यक्रम कार्यान्वयन गर्दा सेवा प्रवाह गर्दा वा कार्यालयकै खरिद निर्माण लगायत कार्यहरु गर्दा सुशासनका पक्षहरुमा विशेष ध्यान दिने एवं कुनै कार्य संचालन गर्दा साधनको चुहावट हुन नदिनेतर्फ सजग रहने । साथै मन्त्रालयहरुले अन्तर्गत निकायहरुको नियमित निरीक्षण गरी यस्ता कार्य हुन नदिने व्यवस्था मिलाउने ।

[signature]
०७५।५।२

प्रमुख सचिव